# कपिलवस्तु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

तौलिहवा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

प.सं. ०७७/०७८(शिक्षा )
चलानी न. १४०६

मिति: २०७७/०९/०२

विषय :विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा ।

श्री सामुदायिक विद्यालयहरु सबै,
कपिलवस्तु नगरपालिका ,कपिलवस्तु ।

प्रस्तुत विषयमा यस कपिलवस्तु नगरपालिका द्वारा मिति २०७६/१०/२७ मा जारी गरिएको नगर शिक्षा ऐन,२०७६ को दफा २१ (ख) मा विद्यालय व्यवस्थापन समितिको म्याद सकिएपछि वा विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म वा नभएको विद्यालयमा व्यवस्थापन समितिको काम गर्न नगरपालिकाले बढीमा ६ महिनाको लागि तोकिए अनुसार अस्थायी व्यवस्थापन समिति गठन गर्न सक्ने प्रावधान भएको साथै दफा २१ (ग) मा यो ऐन जारी भएपछि विद्यालय व्यवस्थापन समिति गठन नभएको  विद्यालयहरुले बढीमा ३ महिना भित्र ऐन बमोजिम विद्यालय व्यवस्थापन समिति गठन गरी सक्नु पर्ने स्पष्ट व्यवस्था भएको विदितै छ । कोभिड -१९ कोरोना भाइरसको महामारीले गर्दा अभिभावक भेला गर्न नसकिएका कारण अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गरी विद्यालय संचालन एवम् व्यवस्थापन गरिदै आएकोमा त्यस्ता सबै प्रकृतिका विद्यालय व्यवस्थापन समिति तथा म्याद समाप्त भएका विद्यालयहरुले अविलम्ब प्रचलित ऐन बमोजिम विद्यालय व्यवस्थापन समिति गठनार्थ आवश्यक सम्पूर्ण प्रक्रिया अगाडि बढाई विद्यालय व्यवस्थापन समिति गठन गर्ने व्यवस्थाको लागि अनुरोध गरिन्छ ।

बोधार्थ
श्री सूचना प्रविधि शाखा ( website मा upload गरीदिनुहुन ) ।